नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७४।०३।२६

## सूचना

मिति २०७४/०३/१७ गते देखि आएको अविरल वर्षाका कारण सप्तरी जिल्लाका रुपनी गाउँपालिका, तिरहुत गाउँपालिका हुनमाननगर-कंकालिनी न.पा. कञ्चनरुप न.पा र कोइलाडी-तिलाठी गाउँपालिका लगायतका विभिन्न स्थानहरुका बाढी तथा डुवान बाट प्रभावित क्षेत्र र व्यक्ति र परिवारहरुलाई देहाय बमोजिम गर्ने नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७४/०३/२६ मा निर्णय भएको व्यहोरा सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क) सिचांई मन्त्रालयबाट खाडो खोलामा बाँध निर्माणको कार्य तत्कालै शुरु गर्ने ।

ख) डुवानबाट घरबार बिहिन भएका परिवारलाई घर निर्माणका लागि २ (दुई) बण्डल जस्तापाता खरिद गर्न रु १५,०००।- (पन्ध्र हजार) र टहरा निर्माण गर्न रु १०,०००।- (दश हजार) गरी जम्मा रु २५,०००।- (पच्चीस हजार) एक मुष्ठ राहत स्वरुप उपलब्ध गराउने ।

ग) डुवानबाट घर व्यवसाय क्षति भएको पीडित परिवारलाई घर निर्माण र व्यवसाय पुनःसंचालन गर्न रु १५,००,०००।- (पन्ध्र लाख) सम्म सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउने ।

घ) स्वास्थ्य मन्त्रालयले डुवान प्रभावित क्षेत्रमा कुनै पनि रोगको प्रकोप फैलिन नदिन निःशुल्क स्वास्थ्य सेवाका लागि औषधि उपकरण सहितको थप स्वास्थ्य कर्मीहरुको टोली तुरुन्त परिचालन गर्ने ।

ङ) खानेपानी तथा सरसफाई मन्त्रालयले पीडितहरुलाई स्वच्छ खानेपानीका लागि प्यूस लगायतका उपलब्ध गराउन सामग्री तुरुन्त पठाउने ।

२०७४/३/२६

(दिपक काफ्ले)

प्रवक्ता